# कालिका पावर कम्पनी लिमिटेड

भरतपुर १०, चितवन
फोन नं.: ०१-४५३९१५२
Email: info@kalikagroup.com, daraudikalikahydro@gmail.com | Website: www.kalikapower.com.np

## १८औं बार्षिक साधारण सभाको सूचना

(प्रथम पटक प्रकाशित मिति २०८१।०९।०७ गते)

**आदरणीय शेयरधनीमहानुभावहरु,**

मिति २०८२।०९।०६ (तद्नुसार २१ डिसेम्बर, २०२५) मा बसेको संचालक समितिको बैठकको निर्णय बमोजिम कम्पनीको आ.व. २०८१।०८२ को बार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा देहायका प्रस्ताव उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुंदा साधारण सभामा उपस्थितिको लागि सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, समय र स्थानः**

**मिति :** २०८२ साल पौष महिना २८ गते सोमबार (तद्नुसार १२ जनवरी, २०२६)

**समय :** बिहान ११ बजे

**स्थान :** दियालो फुडल्याण्ड चितवन प्रा.लि., भरतपुर, चितवन

**छलफल गरिने प्रस्ताव (एजेण्डा):**

**(१) सामान्य प्रस्तावः**

क. संचालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुहुने आ.व.०८१/०८२ को बार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

ख. लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व. २०८१/०८२ को वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाहको विवरण लगायत वित्तिय विवरणहरु उपर छलफल गरी पारीत गर्ने ।

ग. आ.व. ०८२/०८३ को लेखापरीक्षण कार्यको लागि लेखापरिक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्वन्धमा ।

घ. संचालक समितिको तर्फवाट आ.व.०८१/०८२ मा गरेको संचालक समितिको निर्णयहरु अनुमोदन गर्ने सम्वन्धमा ।

ङ. संचालक समितिको सिफारिस बमोजिम कम्पनीको आ.व. ०८१।८२ को मुनाफाबाट हाल कायम चुक्ता पुँजी रु. ९३,३९,४९,५००।- को ०.३६८४ प्रतिशतले हुने आउने रकम रु. ३४,४०,८६६।५८ (अक्षरुपी चौतीस लाख चालिस हजार आठ सय छैसठी रुपैया अन्ठाउन्न पैसा मात्र) नगद लाभांश (बोनस शेयरको कर भुक्तानी गर्ने प्रयोजनको लागि मात्र) वितरण गर्नको लागि पारित गर्ने ।

**(२) विशेष प्रस्तावः**

क. कम्पनीले अन्य कम्पनीहरुमा लगानी गर्न सहज बनाउन होल्डिङ्ग कम्पनीको रुपमा विकास गर्नको लागी कम्पनीको नाम परिवर्तन गर्ने तथा सोही अनुसार प्रवन्धपत्र र नियमावलीमा आवश्यक संशोधन गर्ने ।

ख. कम्पनीमा कायम रहेको चुक्ता पूंजी रु.९३,३९,४९,५००।- को आ.व.०८१।०८२ को संचित मुनाफावाट संचालक समितिको निर्णय बमोजिम ७ (सात) प्रतिशतले हुन आउने रकम रु ६,५३,७६,४६५।- (अक्षरेपी रु. छ करोड त्रिपन्न लाख छैहत्तर हजार चार सय पैसठी मात्र) बराबरको बोनश शेयर वितरण गर्ने प्रस्ताव पारित गर्ने ।

ग. कम्पनीको पूँजी बृद्धि गरी प्रवन्धपत्रको दफा ६ को खण्ड (क), (ख) र (ग)) संसोधन गर्ने सम्वन्धि विशेष प्रस्ताव उपर छलफल गरी पारित गर्ने ।

घ. प्रवन्धपत्र तथा नियमावलीमा प्रस्तावित संसोधनका सम्वन्धमा नियमनकारी निकायवाट थपघट, परिवर्तन वा संशोधनको निर्देशन भएमा सोही बमोजिम थपघट, परिवर्तन वा संसोधन गर्नका लागि संचालक समितिलाई अख्तियारी दिने सम्वन्धि विशेष प्रस्ताव उपर छलफल गरी पारित गर्ने ।

**(३) विविध विषयमा छलफल ।**

**बार्षिक साधारणसभा सम्बन्धी अन्य जानकारीहरुः**

१. साधारण सभा प्रयोजनको लागि कम्पनीको शेयरधनी दर्ता किताबमा मिति २०८२/०९/१८ गते बन्द हुनेछ ।

२. नेपाल स्टक लिमिटेडमा मिति २०८२/०९/१७ गते सम्म शेयर कारोबार गरी नामसारीमा आएका शेयरधनीहरुले मात्र सभामा भाग लिन तथा मतदान योग्य हुनेछन् ।

३. वार्षिक साधारण सभामा भाग लिन आउनु हुने शेयरधनी महानुभावले आफ्नो परिचय खुल्ने प्रमाण कागज लगायत हितग्राही खाता खोली शेयर अभौतिकिकरण गरिएको विवरण देखिने DEMAT Account Statement वा शेयर प्रमाणपत्र साथमा लिई आउनु हुन अनुरोध छ । अन्यथा सभा कक्ष भित्र प्रवेश गर्न पाईने छैन ।

४. शेयरधनीहरुको दस्तखतको लागि शेयरधनी उपस्थिति पुस्तिका बिहान १०:०० बजेबाट खुल्ला गरिनेछ ।

५. उपस्थित गणपुरक संख्या सभा सञ्चालनको निमित्त निर्दिष्ट संख्या अनुसार पर्याप्त भएमा मात्र सभा सञ्चालन हुनेछ ।

६. साधारण सभामा भाग लिन आफ्नो प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनीहरुले प्रचलित कम्पनी ऐनको ढाँचामा वा वार्षिक प्रतिवेदन पुस्तिका अनुसारको प्रतिनिधिपत्र (प्रोक्सी) नियुक्त गर्नु पर्नेछ । यस्तो प्रोक्सी फाराम साधारण सभा हुनुभन्दा ४८ घण्टा अगावै कम्पनीको प्रधान कार्यालयमा पेश गरी सक्नु पर्नेछ । तर प्रतिनिधि नियुक्त गर्नु भएका शेयरधनी आफैं उपस्थित भएमा प्रतिनिधिपत्र स्वतः बदर हुनेछ ।

७. कुनै शेयरधनी महानुभावले छलफलका बिषयहरु विविध शिर्षक अन्तर्गत कम्पनी सम्बन्धि कुनै विषयमा छलफल गर्न गराउन चाहेमा सभा हुनु भन्दा ७ दिन अगावै कम्पनी सचिव मार्फत् सञ्चालक समितिको अध्यक्षलाई लिखित रुपमा प्रस्ताव दिनु पर्नेछ । तर त्यस्तो प्रस्ताव साधारण सभामा छलफल वा पारित गर्नको लागि समावेश गर्ने वा नगर्ने अधिकार सञ्चालक समितिको अध्यक्षमा निहित हुनेछ ।

८. साधारण सभा सम्बन्धी थप जानकारी आवश्यक परेमा कार्यालय समयभित्र कम्पनीको रजिष्टर्ड कार्यालय भरतपुर महानगरपालिका वडा नं. १०, भरतपुर चितवन वा कम्पनीको कर्पोरेट कार्यलय कालिका टावर बालुवाटार, काठमाडौंमा सम्पर्क गर्नु हुन अनुरोध छ । साथै थप जानकारी कम्पनीको वेबसाइट www.kalikapower.com.np बाट प्राप्त गर्न सक्नु हुनेछ ।

**संचालक समितिको आज्ञाले**
**कम्पनी सचिव**